# वनगाड कुपिण्डे नगरपालिका सल्यानको आ.व. २०८२/०८३ को वार्षिक वजेट

प्रस्तुतकर्ता: नगर उप प्रमुख पुरुषोत्तम आचार्य

नगरसभा अध्यक्षज्यू

१.वनगाड कुपिण्डे नगरपालिकाको आ.व **२०८२/०८३** को वजेट प्रस्तुत गर्ने यस घडिमा सर्वप्रथम लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। यस गरीमामय नगरसभामा लोकतान्त्रिक अभ्यास अन्तर्गत यस क्षेत्रको जनताहरुको अमुल्य मतको सहयोगमा निर्वाचित भएको नाताले यस नगरको समग्र विकासको लागि माग,आवश्यकता र आम सहमतिको आधारमा आ.व. २०८२/०८३ को वजेट पेश गर्न पाएकोमा गौरवान्वित महशुस गरेको छु र यस नगरको विकासको लागि प्रतिवद्धता व्यक्त गर्दछु ।

२. वजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधान र कानुनहरु, नेपाल सरकार, कर्णाली प्रदेश सरकार र नगपालिकाका आवधिक योजना, नीति तथा कार्यक्रम र दिगो विकास लक्षलाई आधार वनाईएको छ। वजेट तर्जुमा गर्दा राजश्व परामर्श समितिको सुझाव तथा प्रतिवेदन, विषयगत समिती तथा शाखाहरुको सुझाव, दातृ निकायका कार्यक्रम र वस्ति र वडा स्तरबाट छलफल भै आएका कार्यक्रमहरुलाई आधार बनाईएको छ ।

आ.व. २०८१।०८२ का परिसुचकहरु

क. नगरपालिका वाट आ.व. २०८१।८२ को स्विकृत कार्यक्रम अनुसार करिव ६० प्रतिशत योजनाहरुसम्पन्न भई भुक्तानीको चरणमा रहेका छन् भने चालु आ.व. को अन्त्य सम्ममा करिव ९० प्रतिशत योजनाहरु सम्पन्न हुने अवस्थामा छन् ।

ख. संघीय सरकार, प्रदेश सरकार र दातृ निकायवाट अनुदान प्राप्त कार्यक्रम तथा भौतिक पूर्वाधारका कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका छन ।

ग. बनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक भवनबाट एकिक्रित सेवा सुचारु भैरहेको वडा नं २,३,७ ,८ र १० को वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवा प्रवाहको सुरुवात भएको छ र वडा नं ९ , ११ र १२ को वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेका छन्।

घ. आ.व. २०८१।८२ मा तोकिएको लक्ष्यको करिब ६० प्रतिशत भन्दा बढी राजश्व संकलन भएको छ र आर्थिक बर्षको अन्त्य सम्म राजश्व संकलन ७० प्रतिशत पुग्ने अनुमान रहेको छ ।

आ व २०८२/०८३ वजेटका प्राथामिकताहरु

१. कृषि तथा पशुपालन सम्वन्धि व्यावसायहरुको विकास र पर्वद्धन गरि उत्पादनशिल कार्यक्रमहरु संचालन गर्ने ।

२. गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने E- Learning , Artificial inteligency -AI तथा जिवन उपयोगि शिक्षाको विकास गर्ने ।

३. गुणस्तरिय तथा सुलभ स्वास्थ्य सुविधामा आम नागरिकको पहुच अभिबृद्धि गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्थाको विस्तार र जनशक्तिको व्यवस्थापन गर्ने ।

४. सार्वजनिक सेवा प्रवाहमा चुस्तता र प्रभावकारीता अभिबृद्धि गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्था तथा तालिम र क्षमता अभिवृद्धिका कार्यकम संचालन गर्ने ।

५. खानेपानी तथा सिचाई विस्तार विकास गर्ने पुर्णसरसफाई ऊन्मुख टोल बस्ति वडा तथा पालिका बनाउन आवश्यक गतिबिधि संचालन गर्ने ।

६. गरीवी निवारण, रोजगारमुलक र स्थानीय कच्चा पदार्थको परीचालन हुने लघु घरेलु उद्यम कार्यक्रमको पवर्द्धन गरी रोजगार वढाउने ।

७. महिलाहरुको आर्थिक शसक्तिकरण, अपांग, एकल महिला,ज्येष्ठ नागरीक, दलित, अल्पसंख्यक वर्गको लागि राहात र आयमुलक सिपमुलक कार्यक्रमहरु संचालन गर्ने ।

८. पूर्वाधार विकासका सिचाई, सडक निर्माणका कार्यक्रमहरु संचालन गरीने ।

सभा अध्यक्ष्यज्यू

उल्लेखित वजेटका उद्देश्य प्राप्तीका लागि निर्धारण गरीएका प्रथामिकताहरुलाई कार्यान्वयन गर्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार ,नीजि सहकारी संस्थाहरुको सहकार्यमा प्रभावकारी समन्वय गरीनेछ। वजेटको प्रभावकारी कार्यान्वयको लागि नगर प्रमुखद्धारा प्रस्तुत गरीएको नीति तथा कार्यक्रमको आधारमा वजेट विनियोजन गरीएको छ ।

१. आ.व. २०८२/०८३ का लागि संघिय सरकारबाट समपुरक अनुदान वापत रु.१ **करोड ५** लाख प्राप्त हुने र सो मा नगरको तर्फवाट पनि साझेदारी स्वरुप रकम व्यवस्था गर्नुपर्ने भएकोले समपुरक कोषमा रु. ४५ लाख रकम विनियोजन गरेको छु ।

२. चालु आवमा संचालित योजनाहरु यस आव भित्रै सम्पन्न भई भुक्तानी हुन नसकी आगामि आवमा निरन्तरता दिनुपर्ने भएमा सोको लागि चालु आवमा विनियोजन भई खर्च हुन नसकेको रकमबाट बजेट व्यवस्थापन गरिने छ।

३. वस्ती स्तरबाट छनोट भइ आएका खानेपानी निर्माण तथा मर्मत, विद्यालयमा खानेपानी, सौचालय तथा घेरवार निर्माण, साना सिचाइ योजना ,सडक निर्माण,मर्मत तथा स्तरोन्नती र अन्य कार्यक्रमका लागि **प्रतिवडा ३५ लाखका दरले ४ करोड २० लाख** विनियोजन गरेको छु।

४. सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी वनाउन वडा कार्यालयको निर्माण कार्यलाई निरन्तरता दिइने छ। आगामि आ.व. मा वडा नं १,४ र ६ को वडा कार्यालयको निर्माण गरिने छ।सो का लागि रु २ **करोड ४० लाख** विनियोजन गरिएको छ र अपुग रकम आगामि बर्षको बजेटमा व्यवस्थापन गरिने छ।

## ५. कृषि तथा पशुपालन

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरणको आधार तयार गरिनेछ। कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गरी आय तथा रोजगारी सिर्जना, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरणबाट आर्थिक समृद्धिका लागि कृषि क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा पर्याप्त लगानी गरिनेछ। पकेट क्षेत्र तोकी बाखापालन, फलफुल र तरकारी खेतीलाई विशेष जोड दिई कार्यक्रम संचालनमा ल्याइनेछ। प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिंचाई, मलखाद, बीउ विजन तथा आधुनिक औजार खरिद र अन्य तालिमका लागी जम्मा **१ करोड ३१ लाख** विनियोजन गरेको छु। कृषि तथा पशुपंक्षि क्षेत्रमा प्राप्त **२६ लाख २८ हजार** सशर्त अनुदानको रकम पनि परीचालन गरीने छ। एक गाउँ एक कृषि/पशु प्राविधिको नगरपालिकाबाट तलब साझेदारी गर्नका लागि **आवश्यक बजेट** विनियोजन गरेको छु।

## ६. साना सिचाई

कृषिमा आत्मनिर्भर भई कृषि उत्पादकत्वमा वृद्धि गर्न सिंचाईमा जोड दिने नीति अवलम्वन गरिएको छ। सोहि अनुसार नगरका ठूला प्रकृतिका सिचाई निर्माण, लिफ्ट सिचाई योजनाको लागि प्रदेश सरकार र केन्द्रिय सरकार संगको सहकार्यमा संचालन गरीनेछ। नगरवाट संचालन गरीने साना सिचाई कार्यक्रममा **आवश्यक** रकम विनियोजन गरेको छु।

## ७. स्थानीय सडक पूर्वाधार

वडास्तरबाट माग भएका तथा सडक नपुगेका टोल तथा वस्तीहरुमा नयाँ  सडक निर्माण तथा हाल रहेका सडकहरुको स्तरोन्नती तथा नियमित मर्मत संभारका लागी **रु ३ करोड ६५ लाख** रकम विनियोजन गरिएको छ ।

## ८. शिक्षामा गुणस्तरःउच्च सामाजिक जीवनस्तर

सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धि गरी व्यापक सुधार गर्न विद्यालय क्षेत्र सुधार योजनालाई प्रभावकारी बनाउन निर्माण भएको शैक्षिक योजना कार्यान्वयन गरिनेछ । नगरभित्रका सम्पूर्ण विद्यालयमा भौतिक संचना निर्माण, मेशीनरी औजार खरिद, सुविधायुक्त शौचालयको निर्माण, पुस्तकालय स्थापना, कम्प्युटर शिक्षा, प्रयोगशालाको व्यवस्थाका साथै दक्ष शैक्षिक जनशक्तिको व्यवस्थापन, आर्थिक रुपले विपन्न, पिछडिएका वर्ग समुदायहरुको पहिचान गरी छात्रवृत्तिको व्यवस्था, वालविकास केन्द्र स्थापना र व्यवस्थापन गर्न, शिक्षण सिकाईमा नयाँ प्रविधिको लागु गरिने छ । सोका लागि नगरपालिकाबाट व्यवस्थापन गरिने बालविकास सहजकर्तालाइ मासिक पारिश्रमिक रु १७ हजार, आधारभुत तहका शिक्षकलाइ मासीक रु २५ हजार र माध्यामिक तहका शिक्षकलाई मासिक रु ३५ हजार पाउने गरी  शिक्षक व्यवस्थापन गर्न  तालिम तथा क्षमता विकास लगायतका कार्यक्रम संचालन गर्न Room to Read साझेदारि कार्यक्रम संचालन गर्न खेलकुद **प्रतियोगिता संचालन गर्न ३ करोड ८२ लाख** र विद्यालय भवन र शौचालय लगायतका पुर्वाधार निर्माणका लागि **५ करोड ४२ लाख** रकम विनियोजन गरेको छु । शिक्षा तर्फ विशेष अनुदानबाट रु **६९ लाख** र शिक्षकहरुको पारिश्रमिक तथा शिक्षा तर्फका गतिविधी संचालन गर्न सशर्त अनुदान बाट **रु १८ करोड ९१ लाख** समेत प्राप्त भएको छ सबै गरि  गरी शिक्षा तर्फ कुल **रु २८ करोड ८४ लाख** रकम विनियोजन गरिएको छ ।

## ९. स्वास्थ्य सेवा

कुनै पनि नागरिकले आर्थिक आभावमा आधारभुत स्वास्थ्य उपचारबाट बञ्चीत हुनुपर्ने अवस्थालई अन्त्य गर्न नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य चौकी, खोप क्लिनिक भवन निर्माण तथा घेरावार गर्न, आवश्यकता अनुसार स्वास्थ्य संस्थाको विस्तार गर्न, स्टिचर तथा औषधीहरुको व्यवस्था गर्न, बर्थिङ्ग सेन्टर निर्माण गर्न , वनगाड कुपिण्डे आधारभुत नगर अस्पताल संचालन गर्न , विशेषज्ञ डाक्टर सहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन तथा विभिन्न किसिमका महामारी नियन्त्रण कार्यक्रम लगायतका अन्य स्वास्थ्य कार्यक्रमहरु सञ्चालनमा विशेष जोड दिइनेछ । यसको लागि **रु.३ करोड** बजेट विनियोजन गरेको छु ।

नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत करार स्वास्थ्यकर्मीले खाईपाई आएको सुविधालाई यथावत राख्दै सो का लागि आवश्यक रकम विनियोजन गरेको छु। स्वास्थ्यकर्मीको पारिश्रमिक र अन्य कार्यक्रम संचालनका लागि सशर्त अनुदान वापत रु **३ करोड ७१ लाख २२ हजार** समेत प्राप्त भएको छ । बहुक्षेत्रिय पोषणका क्षेत्रमा गतिविधि संचालन गर्न ससर्त अनुदान मार्फत प्राप्त हुने रकम  र नगरपालिकाको समेत थप गरेर ४३ लाख बजेट विनियोजन गरेको छु।

नगरको आर्युवेद सेवा केन्द्रवाट प्रवाह गरीने सेवालाई प्रभावकारी गराउन **रु २३ लाख** विनियोजन गरिएको छ  सोका लागि संघिय सशर्त अनुदान वापत रु **६ लाख** प्राप्त भएको छ।

## १०. युवा, खेलकुद तथा मनोरञ्जन

युवाको विकासको लागि गुणस्तरीय र व्यवसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन, सहभागिता र नेतृत्व विकासका साथसाथै खेलकुद र मनोरञ्जन क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । राष्ट्पति रनिंग शिल्ड, मेयर कप जस्ता प्रतियोगीतालाई निरन्तरता दिइने छ। वनगाड कुपिण्डे नगरपालिकाको आफ्नै आयोजनमा सल्यान जिल्ला स्तरिय रास्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गरिनेछ।  स्थानिय कला संस्कृती संरक्षण तथा संबर्द्धनका लागि मेला तथा महोत्सवको आयोजना गरिने छ। सो का लागि **आवश्यक बजेट** विनियोजन गरिएको छ।

## ११. रोजगारी

नगरपालिकाको बेरोजगार सूचिका सूचिकृत बेरोजगारहरुलाई तोकिए बमोजिम न्युनतम दिनको रोजगारीको सुनिश्चितता गर्न रास्ट्रिय रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त बजेटलाई परिचालन गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजनामा नगरपालिकाको तर्फबाट साझेदारी तथा सिप परिक्षन को लागि **१० लाख** विनियोजन गरिएको छ।

## १२. खानेपानी तथा सरसफाई

नमुना खानेपानी तथा सरसफाई युक्त नगरपालिका निर्माण गर्न तयार भएको वास प्लानलाई क्रमस कार्यान्वयन गरिने छ। खानेपानीमा सबैको पहुँच अभिबृद्धि गर्न, मुहान संरक्षण गर्न तथा सरसफाई सम्बन्धि कार्यक्रम संचालन गर्न र सार्वजनिक शौचालय निर्माण गर्न सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) संग साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ। सो का लागि सुस्वाबाट **रु. ४ करोड**

**४४ लाख** प्राप्त भएको छ र नगरपालकिाबाट उक्त कार्यकममा साझदारी स्वरुप **रु. १ करोड ५० लाख** विनियोजन गरेको छु । ठुलो लागतका योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार पारी आवश्यक रकमका लागि संघिय सरकार र प्रदेश सरकार समक्ष माग गरिने छ ।

सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन र व्यवस्थापनका लागि सरसफाई अभियान सञ्चालन र सार्वजनिक स्थल तथा विद्यालयहरुमा शौचलय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क वितरण गरीनेछ । नगरपालिकाको फोहोरको दिर्घकालिन व्यवस्थापन गर्न डम्पीड साइट निर्माणका उपयुक्त स्थानको पहिचान गरि निर्माणको सुरुवात गरिनेछ । पुर्ण सरसफाईका कार्यक्रम मार्फत वनगाड कुपिण्डे नगरपालिकाका बिभिन्न सुचक पुगेका बस्तिलाई पुर्ण सरसफाई उन्मुख टोल / बस्ति घोषना गरिनेछ र बाकि सबै बस्तिमा पुर्ण सरसफाईका कार्यक्रम संचालन गर्दै लगिनेछ र उक्त कार्यको लागि **आवश्यक बजेट** विनियोजन गरेको छु ।

## १३. लैंगिक समानता र समाजिक समाबेशीकरण

महिला, बालबालिका, अपांग, आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र, समुदायको उत्थानको लागि व्यवस्थित योजना र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । यसबाट सशक्तीकरण, क्षमता विकास, पुर्वाधार निर्माण लगायतका लक्षित वर्गसँग सम्बधित योजना र कार्यक्रम कार्यान्वयनको लागि महिला, वालबालिका, अपांग, जनजाती, दलित, ज्येष्ठ नागरिक, विपन्न वर्गको लागि लक्षित समुह विकास कार्यक्रमको प्रथमिकताका आधारमा रकम उपलब्ध गराइने छ । यसको लागि **रु. ४२ लाख** रकम विनियोजन गरिएको छ ।

## १४. वन तथा भु-संरक्षण र जलाधार संरक्षण

दिगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गरिनेछ । वन क्षेत्रको विकास र विस्तारको लागि बैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडी बढाइनेछ । सामुदायिक वन विकास कार्यक्रम, पहिरो गएको र नाङ्गा डाडाँहरुमा वृक्षारोपण, एक घर एक विरुवा अभियान, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भुमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान संचालन गरिनेछ । मुहान सफा राख्ने, मुहान वरिपरि विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ । महत्वपूर्ण नदी, खोला, ताल, सिमसार क्षेत्रको पहिचान र संरक्षणमा विशेष जोड दिइनेछ । यसको लागि रकम विनीयोजन गरीएको छ ।

## १५. विपद् व्यवस्थापन

विपद व्यवस्थापनका लागि आवश्यक पूर्व तयारी तथा विपद पश्चात राहात तथा उद्धार कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ **रु १० लाख** विनियोजन गरिएको छ ।

## १६. पर्यटन

नगरभित्र पर्यटकिय गतिविधिलाई बृद्धि तथा व्यवस्थित गर्नका सो क्षेत्रमा ठुला पूर्वाधार निमार्णका लागि संघ र प्रदेश सरकार तथा गैरसरकारी सस्थासंग आवश्यक पहल गरिने छ। कुपिण्डे तालमा आवश्यक भौतिक पूवाधार निर्माणका लागि **रु १५ लाख** विनियोजन गरेको छु ।

**१७. उद्यमशिलता विकास** : विभिन्न प्रकारका रोजगारमूलक ,आयमूलक रोजगारको अवसर सृजना गर्न सीप विकास तथा क्षमता विकास तालिमहरु संचालन गरीने छ र साना घरेलु तथा लघु उद्यम स्थापनामा आर्थिक प्राविधिक सहयोगको व्यवस्था मिलाईने छ । सो लागि **रु १८ लाख** विनियोजन गरेको छु । संघिय सरकारबाट यस कार्यका लागि **रु ५ लाख १० हजार** समेत प्राप्त भएको छ।

## १८. संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधीयुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउन पदाधिकारी र कमचारीहरुलाई तलव भत्ता लगायत समय समयमा ज्ञान, सीप अभिबृद्ध गर्ने खालको क्षमता विकास तालिम, अभिमुखिकरण तथा पुर्नताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ साथै कार्यालय सञ्चालनमा समेत सहजता प्रदान हुने हेतुले यस वजेट व्यवस्थापन गरिएको छ ।

संस्थागत सक्षमता र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार निर्माण, आधुनिक नागरिक वडापत्र, तथा सेवाप्रवाहमा विद्युतीय सुचना प्रविधिको विकासका लागि अध्ययन, विकास र सञ्चालन आवश्यक बजेटको विनियोजन गरिएको छ ।

कार्यालयमा कार्यलाई प्रभावकारी वनाउन तथा कामलाई पारदर्शी, सरल एवम् सहजरुपले जनताको घरदैलो सम्म पुऱ्याउने र सेवा प्रवाहलाई सहज वनाउन तथा सुशासनको प्रत्याभुति दिन आवश्यक मसलन्द, इन्धन, मेशनरी औजार खरिद तथा मर्मत संभार, पानी, बिजुली, इन्टरनेट, घरभाडा, फर्निचर लगायत सार्वजानिक सुनुवाई, कर्मचारी र जनप्रतिनिधीको क्षमता विकास कार्यक्रम, कर्मचारीहरुको पारीश्रमीक र पदाधिकारीहरुको सेवा सुविधा लागतयत अन्य प्रशासनिक खर्च र विविध कार्यक्रमहरु सञ्चालनका लागी **रु १३ करोड ७०**

**लाख** रकम विनियोजन गरिएको छ। पंजिकरण सेवा इकाइमा कार्यरत एक जना MIS Operator र एक जना फिल्ड सहायक तथा सुरक्षित आप्रवास कार्यक्रम (सामी) मा कार्यरत एक जना मनोसामाजिक परामर्शदाता र एक जना वित्तिय साक्षरता सहजकर्ताको पारिश्रमिकमा नगरपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने ५० प्रतिशत रकमको समेत व्यवस्था गरेको छु।

अघिल्लो आ व हरुमा योजनाहरु सुरुवात भई निर्माणाधिन तथा भुक्तानि हुन बाकि क्रमागत योजना हरुको लागि २ करोड ५० लाख रकम बिनियोजन गरेको छु।

**सभा अध्यक्षज्यू,**

**अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान पेश गर्दछु।**

आगामि आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न लागि **रु.७९ करोड रकम** विनियोजन गरेको छु। कुल विनियोजनमध्ये **चालुतर्फ रु.५२ करोड १३ लाख** अर्थात **६६ प्रतिशत** र पुँजीगततर्फ रु.२६ **करोड ८७ लाख** अर्थात् ३४ **प्रतिशत** रहेको छ। आर्थिक वर्ष २०८२।८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. **१ करोड ५१ लाख** तथा नेपाल सरकारबाट राजश्व वाँडफाँडबाट रु **१३ करोड ३६ लाख**, नेपाल सरकार वित्तीय समानीकरणअनुदान मार्फत **रु १२ करोड ३७ लाख**, बिशेष अनुदान बाट **६९ लाख,** समपुरक अनुदान वापत **रु १ करोड ५ लाख** र शर्सत अनुदानबाट **रु. २९ करोड ८५ लाख** त्यस्तै गरी कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान **रु १ करोड ५३ लाख**, र सशर्त अनुदान वापत २ **करोड ८९ लाख** र राजश्व बाडफाड वापत **रु ३४ लाख** प्राप्त हुने प्रक्षेपण गरिएको छ।

साथै **१२ करोड ९१ लाख** रकम यस आ.व.को वचत रकम वाट वेहोरीनेछ।

आर्थिक वर्ष २०८२।०८३ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छनः

- कर गरेर कर उठाउनुपर्ने अवस्थाको अन्त्य गर्न सचेतना कार्यक्रममार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने।
- वडा कार्यालय र नगर कार्यपालिकावीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतमराजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने।
- आन्तरिक राजश्व परिचलनमा दिगो बृद्धिदर हासिल गरी स्थानीय वित्तीय प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने।

- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लागानीमैत्री बनाउने ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दायराहरु लाई फराकिलो बनाउने ।
- कृषी लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- आन्तरीक राजश्वका नगरका मुख्य स्रोतहरु मध्य नगरको वालुवा गिट्टी ढुंगा रोडको वातारवरण परीक्षण अनुसार टेण्डरको व्यवस्थापन, कुपिण्डे तालको पर्यटन क्षेत्रको विकास गरी राजश्व परीचालन गर्ने र नगरको अईलानी क्षेत्रमा वसोवास गरेका व्यक्तिहरुलाई वहाल विटौरी करको दायरामा ल्याउने र नगर क्षेत्रमा पसल व्यावसाय गरेका व्यक्तिहरुलाई करको दायरामा ल्याउने कर मैत्रि नीति लिईने छ ।

माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन:

- सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गरिनेछ ।
- करको दरलाईभन्दा दायरालाई विस्तार गरी प्राथमिकता दिई करदातालाई थप फराकिलो बनाउँदै लगिनेछ ।
- राजश्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण सिर्जना गरिनेछ ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ ।
- करदाताले तिरेको करको जानकारी दिने गरी एकिकृत कार्ड बनाई निजलाई उपलब्ध गराइने व्यवस्थाको सुरु गरिनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।
- चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ ।
- करदाता तथा आम नागरिकका लागि सुचनामूलक एवं सचेतना अभिवृद्धि सम्वन्धी शिक्षा तथा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सुचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

**सभा अध्यक्षज्यू,**

बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पुर्ण पदाधिकारीज्युहरु, कर्मचारी साथीहरु, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्था सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौ ।

अन्त्यमा, समृद्धि बनगाड कुपिण्डे नगरपालिका निर्माणका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा निरन्तर सहयोग, सद्भाव र चासोका साथ उत्प्रेरणा र सहयोग प्रदान गर्नूहुने आम शुभेच्छुक, बनगाड कुपिण्डे बासी जनता, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं साथै बजेटको सफल कार्यान्वयनको लागि सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**